# कागेश्वरी मनोहरा नगरपालिका

## नगर खेलकुद विकास समिति

### नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०७८ को नियमावली

**परिच्छेद-१**

**प्रारम्भिक**

नियम (१) संक्षिप्त नाम र प्रारम्भः

क) यस प्रतियोगिताको नाम नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०७८ रहनेछ।

ख) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

नियम (२) परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) 'संघ' भन्नाले नेपाल ब्याडमिन्टन संघलाई सम्झनु पर्दछ।

ख) 'नगरपालिका' भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ।

ग) 'समिति' भन्नाले कागेश्वरी मनोहरा नगर खेलकुद विकास समितिलाई सम्झनु पर्दछ।

घ) 'प्रतियोगिता' भन्नाले नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०७८ सम्झनु पर्दछ।

ङ) 'खेलाडी' भन्नाले नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०७८ को लागि रीतपूर्वक दर्ता भएका खेलाडीहरुलाई सम्झनु पर्दछ।

च) 'डबल्स' भन्नाले नियम पूर्वक प्रतियोगिताको लागि दर्ता भएको खेलाडीको जोडी सम्झनु पर्दछ।

**परिच्छेद-२**

**आयोजक, प्रविधिक तथा खेल सञ्चालन**

**नियम (१) आयोजक तथा व्यवस्थापक**

यस प्रतियोगिताको आयोजक कागेश्वरी मनोहरा नगर खेलकुद विकास समिति हुनेछ र प्रतियोगिता सम्बन्धी सम्पूर्ण प्राविधिक व्यवस्थापन समितिद्वारा गठन हुने प्राविधिक समितिले बहन गर्नेछ।

**नियम (२) खेल स्थल तथा सञ्चालन मिति**

प्रतियोगिताका सम्पूर्ण खेलहरु समितिले निर्धारण गरेको खेल स्थलमा २०७८ असोज २३ र २४ गते हुनेछ।

**नियम (३) आयोजक समिति**

मूल आयोजक समितिको रुपमा कागेश्वरी मनोहरा नगर खेलकुद विकास समिति कार्यरत रहनेछ भने व्यवस्थापन समितिले सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी वहन गर्नेछ।

**नियम (४) समितिहरु**

प्रतियोगितालाई सहज र सफल बनाउन आयोजक समितिले विभिन्न समितिहरु गठन गर्नेछ। सो समितिहरु गठन गर्ने अधिकार कागेश्वरी मनोहरा नगर खेलकुद विकास समितिमा निहित रहनेछ।

**नियम (५) सहभागिता**

कागेश्वरी मनोहरा नगर खेलकुद समितिले सार्वजनिक गरेको सूचना बमोजिम समितिले तोकेको मिति २०७८ असोज २० गते साँझ ५ बजेसम्म रीतपूर्वक दर्ता भएका खेलाडीहरुलाई यस प्रतियोगितामा सहभागी गराइनेछ । *यो प्रतियोगिता नगरस्तरीय भएकोले यस कागेश्वरी मनोहरा नगरपालिकाको स्थायी बासिन्दले मात्र भाग लिन पाउनेछ ।*

**नियम (६) खेलाडी दर्ता**

यस प्रतियोगितामा सहभागी हुने खेलाडीहरुले प्रति व्यक्ति रु. २५० (दुई सय पचास मात्र) दर्ता शुल्क बुझाई २०७८ असोज २० गतेसम्म दर्ता गराई सक्नु पर्नेछ । दर्ता फारामको साथमा नेपाली नागरिकता वा राहदानीको प्रतिलिपि वा सम्बन्धित वडा कार्यलयले स्थायी बासिन्दा सिफारिसको सक्कल प्रति पेश गर्नुपर्नेछ । खेलाडी दर्ता अवधि भने नगरस्तरीय ब्याडमिन्टन प्रतियोगिता २०७८ सम्म मात्र कायम रहनेछ ।

**नियम (७) खेल नियमावली**

प्रतियोगिताका सम्पूर्ण म्याचहरु ब्याडमिन्टन वर्ल्ड फेडेरेसन (बि. डब्लु. एफ.), नेपाल ब्याडमिन्टन संघ र आयोजक समितिद्वारा जारी गरिएको नियमको अधिनमा रहि यस नियमावली समेत लागु गरी खेलाइनेछ ।

**नियम (८) खेल प्रणाली**

यस प्रतियोगितामा डबल्स (महिला/पुरुष दुबै) क्याटेगोरीको मात्र म्याचहरु हुनेछन् भने प्रतियोगिताको सबै म्याचहरु नक आउट प्रणालीमा खेलाइनेछ ।

**नियम (९) खेल तालिका**

यस प्रतियोगिताको खेल तालिका आयोजक समितिले निर्धारण गर्नेछ । कुनै कारणवश खेल तालिका परिवर्तन गर्नु परेमा सो को अधिकार आयोजक समितिमा निहित रहनेछ ।

**नियम (१०) वर्म अप/खेल तयारी अवधि**

वर्म अपको लागि १० मिनेटको समय दिईनेछ ।

**नियम (११) जर्सी र किट्स**

जर्सी र अन्य खेल सामाग्रीहरु ब्याडमिन्टन वर्ल्ड फेडेरेसन (बि. डब्लु. एफ.) ले निर्धारण गरेको मापदण्ड अनुरुपको हुनु पर्नेछ । अन्यथा खेलाडीलाई प्रतियोगितामा सामेल गराइने छैन ।

**नियम (१२) भेन्यु रिपोर्टिङ्ग**

खेल तालिका अनुसार आफ्नो खेलको कम्तिमा तीस (३०) मिनेट अघि प्रत्येक खेलाडीले भेन्यु रिपोर्टिङ्ग गर्नुपर्नेछ ।

**नियम (१३) सट्टा खेलाडी**

यस प्रतियोगितामा सट्टा खेलाडीको व्यवस्था हुने छैन भने डबल्सको कुनै एक खेलाडी कारणवश खेल्न असक्षम भएमा सो डबल्सलाई प्रतियोगिताबाट निस्कासन गरिनेछ ।

**नियम (१४) प्रतियोगिता, रेफ्री तथा अनुशासन समितिको काम, कर्तव्य र अधिकार**

१) **प्रतियोगिता समिति**

प्रतियोगिताको प्रत्येक म्याच सुचारु रुपले सञ्चालन गर्न प्रतियोगिता समितिले गरेका निर्णयहरु अन्तिम र मान्य हुनेछ ।

२) **अनुशासन समिति**

प्रतियोगिता दौरान अनुशासन समितिले गरेका निर्णयहरु अन्तिम र मान्य हुनेछ । उक्त निर्णयहरु उपर कुनै अड्डा अदालतमा उजुरी र अपिल लाग्ने छैन ।

३) **रेफ्री समिति**

प्रतियोगिताका प्रत्येक म्याचका लागि रेफ्रीहरु नियुक्त गर्ने अधिकार यस समितिमा रहनेछ । प्रतियोगिता अन्तर्गत प्रत्येक प्रतिवेदन रेफ्री समिति मार्फत आयोजक समितिमा प्रतियोगिता समाप्त भए पछि बुझाउनु पर्नेछ ।

**नियम (१५) रेफ्रीको भूमिका**

प्रतियोगिताका सम्पूर्ण म्याचहरु रेफ्री समितिले नियुक्त गरेका रेफ्रीहरुले सञ्चालन गर्नेछ । खेल दौरान रेफ्रीको निर्णय नै अन्तिम र मान्य हुनेछ । रेफ्रीको निर्णय उपर कुनै उजुर र अपिल लाग्ने छैन ।

**नियम (१६) चेतावनी र निष्काशन**

१) ब्याडमिन्टन वर्ल्ड फेडेरेसन (बि. डब्लु. एफ.) को नियमानुसार खेलाडीलाई चेतावनी र निष्काशन गरिनेछ ।

२) प्रतियोगिता दौरान सहभागी खेलाडीहरु वा समर्थकहरुले रेफ्रीहरु वा आयोजक समितिका कुनै पनि पदाधिकारीहरुसँग अभद्र व्यवहार गरी गाली गलौचा गरिएको पाइएमा, झै-झगडा गरेमा वा खेल अवरुद्ध गरेमा उक्त खेलाडी वा डबल्सलाई घटनाको गम्भिरताको जाँच गरी दण्ड सजाय साथै आर्थिक जरिवाना समेत गरिनेछ ।

३) खेल फेयर प्लेको आवधारणा अनुरुप खेल्नु सहभागि सबै खेलाडीहरुको दायित्व हुनेछ । खेलमा मिलेमत्तो भएको ठहर भएमा सम्बन्धित डबल्सलाई प्रतियोगिताबाट निष्काशन गरिनेछ ।

**नियम (१७) खेल बहिस्कार**

१) यस प्रतियोगितामा सहभागीता जनाउने कुनै पनि डबल्सले खेल तालिका प्रकाशन गरिसकेपछि खेल बहिष्कार गर्न पाउने छैन । खेल बहिष्कार गरेमा सो खेलाडीहरुलाई नगरपालिकाको आयोजनामा हुने कुनै पनि खेलकुद क्रियाकलापहरुमा एक वर्षको लागि प्रतिबन्ध गराइनेछ ।

२) यस प्रतियोगितामा सहभागि कुनै डबल्सले खेल बहिष्कार गरेमा विपक्षी डबल्सलाई स्वतः बिजयी घोषण गराइनेछ।

**नियम (१८) खेल स्थगन**

स्थगन खेलः प्राकृतिक प्रकोप, प्राविधिक वा अन्य कुनै कारणले म्याच स्थगन हुन गएको खण्डमा सो म्याच पुनः खेलाउने मिति, समय र स्थानको निर्धारण गरी आयोजक समितिले कम्तिमा चौबिस (२४) घण्टा अघि सूचना जारी गर्नेछ, जुन सूचना सहभागी सबैलाई मान्य हुनेछ । यसरी कुनै कारणले स्थगन हुन गएको खेलको अवस्था अनुसार सोही दिन पनि आयोजक समितिले म्याच खेलाउन सक्नेछ ।

**नियम (१९) औषधी उपचार व्यवस्था**

यस प्रतियोगिताको दौरान कुनै पनि खेलाडीलाई खेल खेल्ने क्रममा चोट पटक तथा दुर्घटना भएको अवस्थामा आयोजक समितिले प्राथमिक उपचारको व्यवस्था मात्र उपलब्ध गराउने छ ।

**नियम (२०) विरोध पत्र**

प्रतियोगिता अन्तर्गतको कुनै पनि डबल्सले विपक्षी विरुद्ध विरोध पत्र दर्ता दर्ता गर्नु परेमा खेल सकेको आधा घण्टाभित्र लिखित विरोध पत्र रु. १,००० (एक हजार मात्र) सहित आयोजक समितिमा दर्ता गराउन सक्नेछ। रीत पूर्वक दर्ता भएका विरोध पत्र उपर आयोजक समितिले आवश्यक छानविन गरी निर्णय लिनेछ।

**परिच्छेद-३**

**पुरस्कार तथा प्रमाण-पत्र**

**पुरस्कार तथा प्रमाण-पत्र**

यस प्रतियोगिताको प्रथम पुरस्कार नगद रु. १०,००० (दश हजार मात्र), द्वितिय पुरस्कार रु. ६,००० (छ हजार मात्र) र तृतीय पुरस्कार रु. १,००० (एक हजार मात्र) प्रति डबल्सलाई प्रदान गरिनेछ। साथै मेडल र प्रमाण-पत्र पनि दिइनेछ।

**विविध**

**नियम (१) वादविवाद**

यस प्रतियोगिता सम्बन्धी कुनै पनि किसिमको वादविवाद समाधान गर्ने अधिकार आयोजक समितिमा निहित रहनेछ।

**नियम (२) नियमावलीको व्याख्या**

यस नियमावलीको विस्तृत व्याख्या गर्नु परेमा सो को अधिकार कागेश्वरी मनोहरा नगर खेलकुद विकास समितिमा मात्र निहित रहनेछ र सो सबै सहभागी खेलाडीहरुलाई मान्य हुनेछ।

**नियम (३) संशोधन**

यस प्रतियोगिता नियमावलीमा संशोधन गर्नु परेमा कागेश्वरी मनोहरा नगर खेलकुद विकास समितिले कागेश्वरी मनोहरा नगरपालिकासँग आवश्यक समन्वय गरी संसोधन गर्न सक्नेछ।

**नियम (४) सर्वोपरिता**

यस नियमावलीलाई लागु गर्ने सर्वोपरिता कागेश्वरी मनोहरा नगरपालिकामा मात्र अन्तर्निहित रहनेछ।

**नियम (५) वाधाअड्काउ**

यस नियमाली बमोजिम कार्य गर्दा कुनै वाधाअड्काउ आएमा कागेश्वरी मनोहरा नगर खेलकुद विकास समितिले आवश्यक निर्णय गरी वाधाअड्काउ फुकुवा गर्न सक्नेछ।

***